

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



अत्यावश्यक कामबाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्लाभित्रका कोभिड-१९ सङ्क्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 12 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८४


## पर्सामा खाद्यान्न उत्पादन बढ्यो


















कृषि ज्ञान केन्द्र पर्साका निमित्त कार्यालय प्रमुख मुन्नीलाल प्रसाद, प्रमुख बाली अधिकृत सुरेशप्रसाद चौरसिया । तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, २८ जेठ/

पर्सा जिल्लामा गत वर्षको तुलनामा यस वर्ष खाद्यान्न उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र पर्साका प्रमुख बाली अधिकृत सुरेशप्रसाद चौरसियाले बताए अनुसार यस वर्ष गत वर्षको तुलनामा २ हजार ७२० मेट्रिक टन बढी खाद्यान्न उत्पादन भएको छ ।

चालू आवमा चैते धान ३ हजार ५ सय हेक्टर जमीनमा लगाइएकोमा १७ हजार ८५० मेट्रिक टन उत्पादन भएको छ। यसैगरी, भदैया धान ८ हजार ५५० हेक्टर जमीनमा लगाइएकोमा ४४ हजार ७ सय मेट्रिक टन उत्पादन भएको केन्द्रले जनाएको छ भने अगहनी धान ३५ हजार हेक्टर जमीनमा लगाइएकोमा १ लाख ६६ हजार २५० मेट्रिक टन उत्पादन भएको जानकारी गराएको छ ।

यसैगरी, गहुँ २६ हजार ५० हेक्टरमा लगाइएकोमा ८५ हजार ९६५ मेट्रिक टन उत्पादन भएको र हिउँदे मकै ५६० हेक्टर र वर्षे मकै ४ हजार ५० हेक्टरमा लगाइएकामा १४ हजार ५८० मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जानकारी गराएको छ ।

दलहनमा मसुरो, खेसारी, मास, मुङ, राजमा, रहर, चना र तेलहनमा आलस, तोरी, सूर्यमुखी, सरसो, बदामलगायत उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । यस अलावा उखु, आलु, सुर्ती खेती पनि पर्सा जिल्लामा पर्याप्त मात्रामा भएको छ ।

गत वर्ष चैते धान १७ हजार ५३५ मेट्रिक टन उत्पादन भएको थियो भने भदैया धान ४२ हजार ७५० र अगहनी १ लाख ६५ हजार ५५० मेट्रिक टन उत्पादन भएको थियो । गत वर्ष गहुँ ८० हजार ६ सय मेट्रिक टन उत्पादन भएको थियो ।

निमित्त कार्यालय प्रमुख मुन्नीलाल प्रसादले प्रदेश सरकारबाट जैविक मलका लागि रु १५ लाख, स्यालो ट्युबवेलको लागि रु १ करोड १५ लाख, बजार सेडको लागि रु २५ लाख, कृषि यान्त्रीकरणको लागि रु ७५ लाख, बजारीकरणको लागि रु १५ लाख बजेट आएको र किसानहरूलाई प्रदेश सरकारको निर्देशन अनुसार तोकिएको अनुदान सहयोगमा कार्यक्रम सञ्चालन भएको बताए ।

## जिल्लामा अपराधका घटना बढ्दो

प्रस, वीरगंज, २८ जेठ/

पर्सा जिल्लामा बर्सेनि अपराधका घटनामा वृद्धि भइरहेको छ । जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जिल्लामा आव २०७४/७५ मा ८७४ वटा अपराधका मुद्दा दर्ता भएको बताए ।

यसैगरी, २०७५/७६ मा ९४४ वटा, २०७६/७७ मा १ हजार ८१ र चालू आवको जेठ १५ गतेसम्म १०३८ वटा अपराधका मुद्दा दर्ता भइसकेको जानकारी गराए । वार्षिक अपराधतालिका हेर्दा वृद्धि भइरहेको देखिन्छ ।

पर्सा जिल्लामा सबैभन्दा बढी सार्वजनिक शान्तिविरुद्धको कसूर मुद्दा बढी दर्ता हुने गरेको छ । बर्सेनि ३६५ वटाको हाराहारीमा यो मुद्दा दर्ता हुने गरेको छ भने त्यसपछि लागूऔषधका मुद्दा बढी हुने गरेको छ । वार्षिक १५० वटा जति लागूऔषध मुद्दा दर्ता हुने गरेको छ ।

यसैगरी, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, आत्महत्या, भवितव्य ज्यान, सवारी ज्यान, जबरजस्ती करणीजस्ता घटनाहरू बढी हुने गरेका छन् । पछिल्लो चरणमा बैंकिङ कसूरका मुद्दा पनि बढ्दै छ । २०७५ सालसम्म एउटा मात्र मुद्दा दर्ता हुने गरेकोमा गत वर्ष २४ वटा र यस वर्षको जेठ १५ गतेसम्म १५ वटा मुद्दा दर्ता भइसकेका छन् ।




जिप्रका, पर्साका प्रवक्ता प्रनाउ ओमप्रकाश खनाल । तस्वीरः फाइल

चोरीका घटना पनि वार्षिक वृद्धि भइरहेको छ । २०७४/७५ मा २१ वटा चोरीका घटना भए भने त्यसको अघिल्लो वर्ष ३७, गत वर्ष ६९ र अहिले चालू आवको जेठ १५ गतेसम्म ७४ वटा घटना भइसकेका छन् । नागरिकतासम्बन्धी मुद्दा पनि यस वर्ष बढी दर्ता भएका छन् । गत वर्ष १० वटा दर्ता भएको यो शीर्षकमा यस वर्षको जेठ १५ सम्म ६५ वटा मुद्दा दर्ता भएको जिप्रका, पर्साले उपलब्ध गराएको तथ्याङ्कमा देखिन्छ । ठगी र सङ्गठित अपराध मुद्दामा पनि वृद्धि भएको छ । गत वर्ष यो शीर्षकमा २२ वटा मुद्दा दर्ता भए भने चालू आवको जेठ १५ सम्म ३२ वटा मुद्दा दर्ता भएका छन् ।

## वनक्षेत्रमा पोखरी खनेपछि वन कार्यालयद्वारा रोक

प्रस, निजगढ, २८ जेठ/

निजगढ नगरपालिकाको निर्देशनमा निजगढ नपा-८ स्थित बकैयाखोला ड्यामछेउमा पोखरी निर्माण हुन थालेपछि



निजगढ नपाको निर्देशनमा वडा नं ८ बकैयाखोला ड्यामछेउ खन्दै गरिएको दृश्य । तस्वीरः प्रतीक

शुक्रवार डिभिजन वन कार्यालय बाराले रोक लगाएको छ ।

बकैया-नागमणि सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्र पर्ने भएपनि सहमतिविना निजगढ नगरपालिकाले जबरजस्ती पोखरी खन्न थालेपछि रोकेको डिभिजन वन कार्यालय बाराले जनाएको छ । सहमतिविना पोखरी खन्न थालेको जानकारी पाएपछि सो वन समूहका अध्यक्ष रविराज दङ्गालसहितका पदाधिकारी, वन कर्मचारी पुगी सो कार्य आज रोकेका हुन् ।

चार दिनअघि पनि राति करीब ९ बजे सोही स्थानमा पोखरी खन्न थालेपछि स्थानीयहरूले विरोध गरेपछि एक्साभेटर त्यहाँबाट हटाइएको स्थानीयले बताए । खयरघारी सुकुमबासी बस्तीनजीकै गत वर्ष पोखरी खन्ने योजना बनेपछि स्थानीयहरूले व्यापक विरोध गर्दै आइरहेका छन् । स्थानीयहरूले बस्तीनजीकै पोखरी खन्दा बस्तीका बालबालिका डुबेर ज्यानै जाने घटना हुन सक्ने भन्दै सो कार्यको विरोध गर्दै आएका छन् । यस वर्ष यहाँ पोखरी खन्न र गारो उठाउन १० लाख रुपैयाँ निजगढ नगरपालिकाले विनियोजन गरेको छ ।

स्थानीय वन समूह र वन कार्यालयसँग सहमति लिई पोखरी खन्न उपयुक्त स्थान खोज्न सकिने भएपनि निजगढका केही जनप्रतिनिधिले यसतर्फ ध्यान नदिई जबरजस्ती गर्न खोजेका छन् । सुकुमबासी बस्तीछेउ पोखरी खन्दा यसबाट फाइदाभन्दा बालबालिका दुर्घटनामा पर्न सक्ने सम्भावना धेरै देखिन्छ ।

यता पोखरीको स्थान चयन र अहिले विवादका बारे आफूलाई कुनै जानकारी नआएकोले सो स्थानको स्थलगत निरीक्षण गर्ने निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले जानकारी दिए ।

निजगढ सबडिभिजन वन कार्यालय तामागढीका सशस्त्र वनरक्षक, कर्मचारीले वन कार्यालयसँग सहमतिविना कुनै कार्य नगर्न भनेपछि पोखरी खन्ने कार्य अहिले रोकिएको छ। गत वर्षको असार १७ गते वन कार्यालयको अनुमति नलिई पोखरी खनेको सूचना पाएपछि सो कार्यमा संलग्न एस्काभेटर चालकसहित दुईजनालाई वन कार्यालयले नियन्त्रणमा लिएको थियो ।

## शैक्षिक सुधारका लागि ५ विद्यार्थी सङ्गठन एकजुट

प्रस, वीरगंज, २८ जेठ/

वीरगंजमा पाँचवटा राजनीतिक



बैठकमा पाँचवटा विद्यार्थी सङ्गठनका पदाधिकारीहरू । तस्वीरः प्रतीक

दलसँग आबद्ध विद्यार्थी सङ्गठनहरू शैक्षिक सुधारका लागि एकजुट भएका छन् ।

एकजुट हुनेमा नेपाल विद्यार्थी सङ्घ, अखिल क्रान्तिकारी, अनेरास्ववियु, समाजवादी विद्यार्थी युनियन र राष्ट्रिय विद्यार्थी सङ्गठन छन् । अखिलका केन्द्रीय सदस्य हेमन्त तामाङको अध्यक्षतामा शुक्रवार बसेको संयुक्त बैठकले नेविसङ्घ पर्साका अध्यक्ष विकाश तिवारीको संयोजकत्वमा २५ सदस्यीय सङ्घर्ष समिति बनाएको छ ।

समितिको सहसंयोजकमा अखिल क्रान्तिकारी पर्साका संयोजक कविराज पटेल छन् । कोरोना सङ्क्रमणको बेलामा ठप्प रहेको शैक्षिक क्षेत्र चलायमान बनाउन, विद्यार्थीहरूको हकमा आवाज उठाउन र शिक्षालाई विकृततर्फ उन्मुख गरिरहेका माफियाविरुद्ध ऐक्यबद्ध भएर आवाज उठाउनको लागि सङ्घर्ष समिति निर्माण गरिएको अखिलका केन्द्रीय सदस्य तामाङले बताए । उनले विद्यार्थी सङ्गठनहरूले छुट्टाछुट्टैरूपमा काम गर्नुभन्दा एकीकृत भएर काम गर्दा प्रभावकारी हुने भएकोले विद्यार्थी सङ्गठनहरू एकताबद्ध भएर अगाडि बढ्न सहमत भएको बताए ।

बैठकमा समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सदस्य सुजीत गिरी, अखिल पर्साका संयोजक रेयाज अन्सारी, विशाल सर्राफ, नेविसङ्घका केशव मिश्र, एजाज आलम, मेराजुल हवारी, फिरोज बादशाह, सन्दीप विक्रम शाह, पूर्व विद्यार्थी नेता रामकिशोर सिंह, शिवजी गुप्ता, प्रभाकर गुप्ता, मनोज साहलगायतको सहभागिता थियो ।

## दुईजनाको मृत्यु, चारजना सङ्क्रमित

प्रस, वीरगंज, २८ जेठ/

नारायणी अस्पताल वीरगंजमा बिहीवार राति र शुक्रवार बिहान दुईजना सङ्क्रमितको मृत्यु भएको छ । अस्पतालका कोभिड संयोजक उदयनारायण सिंहले रौतहट, कटहरिया नगरपालिका-८ का ५८ वर्षीय पुरुषको शुक्रवार बिहान ८ बजे मृत्यु भएको बताए ।

एन्टिजेन परीक्षणबाट सङ्क्रमण पुष्टि भएपछि ती पुरुषलाई जेठ ६ गते अस्पतालमा भर्ना गरी उपचार भइरहेको थियो ।

यसैगरी, बाराको मझहरिया निवासी ५८ वर्षीय पुरुषको बिहीवार राति पौने ११ बजे मृत्यु भएको थियो । उनी जेठ ९ गते भर्ना भएका थिए ।

यसैबीच, अस्पतालका कोभिड संयोजक डा सिंहले शुक्रवार ९६ जनाको पिसिआर परीक्षण गर्दा ४ जना सङ्क्रमित पुष्टि भएको बताए । शुक्रवार सङ्कलित स्वाब परीक्षण गर्दा साँझ चारजना सङ्क्रमित थपिएको उनले बताए । पर्साका तीनजना र मकवानपुरका एकजना गरी थपिएका चारैजना सङ्क्रमित महिला हुन् । उनीहरूको उमेर २८ देखि ५७ वर्ष रहेको र सिटी भ्यालू २१ देखि २९ रहेको डा सिंहले बताए ।

## विचारसार र सूक्तिहरू

**बाहिरी मदतमाथि कहिल्यै भरोसा नराख, केवल आफूमाथि, आफ्नो अन्तरात्मामाथि भरोसा गर, यसैको आवश्यकता छ ।**

***– स्वामी रामतीर्थ***


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# खोप कूटनीतिमा असफल

**कोरोनाबाट बच्ने एकमात्र भरपर्दो उपाय खोप लगाउनु प्रमाणित भइसकेको छ। अमेरिकालगायतका मुलुकहरू क्रमश: मास्कमुक्त हुने क्रममा छन् । समाजका अधिकांशले खोप लगाएपछि त्यहाँ मास्क लगाउनुपर्ने अवस्था रहँदैन । खोप लगाएको कार्ड एउटा छुट्टै राहदानीको रूपमा प्रयोगमा आउन थाल्यो । खोपका दुवै मात्रा लिएका व्यक्तिले जून ११ देखि इङ्ल्यान्डमा हुने युरोकप फूटबलका खेलहरू रङ्गशालामैं गएर हेर्न पाउने भएका छन् । कुनै महत्त्वपूर्ण कार्यक्रम, समारोह वा महत्त्वपूर्ण क्षेत्रमा प्रवेश गर्नसमेत अब खोप कार्ड आवश्यक पर्ने अवस्था आउँदै छ । हाम्रो मुलुक अझै पनि खोपको सवालमा शून्यस्तरमा छ । हाम्रोलागि कुनै पनि खोपको प्रत्याभूति भएको छैन । छिमेकी राष्ट्र भारत र चीनले दिएको अनुदान सहयोगबाहेक वरको सिन्का पर सार्न सकिएको छैन । खोप ल्याउदै छौं भन्ने सरकारी प्रतिबद्धता जनतालाई मूर्ख बनाउने चाल मात्रै हो। भाषण होइन मुलुकलाई परिणाम चाहिएको छ। हालै राष्ट्रपति विद्यादेवी भण्डारीले कोरोना खोप माग्दै केही दाता मुलुकलाई अनुरोध गरेकी छन् । यो प्रयास पनि समयमैं भइदिएको भए आजसम्म एउटा निष्कर्षमा पुगिसकेको हुने थियो ।**

**भारत सरकारले अनुदानस्वरूप दिएको १० लाख मात्रा, चीन सरकारले दिएको १० लाख मात्रा र विश्व स्वास्थ्य सङ्गठनले कोभ्याक्समार्फत दिएको तीन लाख ४८ हजार मात्र खोपबाहेक नेपालले १० लाख मात्रा खोप मात्रै खरीद गरेको छ। भारत, चीन र कोभ्याक्सले दिएको अनुदानमा सरकारको कुनै योगदान छैन । कोभ्याक्स सुविधा नेपाललगायत अरू विपन्न मुलुकले पनि पाएका छन्। भारत र चीनले नेपालसँगको सम्बन्धको कारण अनुदान दिएका हुन् । सरकार कतिसम्म लाज पचेको निकम्मा छ भने चीनले अनुदानस्वरूप दिएको खोप 'लिन आऊ' भनेर बोलाउँदासमेत 'तिमीले नै ल्याइदेऊन' भनेर अटेर गरिबस्यो । सोही कारण चिनियाँ खोप आउन तीन साता विलम्ब भयो । माग्ने व्यवहार पनि दिउँ लाग्ने किसिमको हुनुपर्छ । चीनलाई त नेपालले शुरूमैं चिढाएको थियो । चिनियाँ खोपको परीक्षणका लागि इजाजत दिन नेपालले निकै आनाकानी गरेको थियो। अन्तत: उसले नेपालमा रहेका चिनियाँ नागरिकलाई खोप लगाउँछु भन्नुपर्‍यो। त्यसपछि पनि खोप खरीद गर्न चीनसँग कुनै कुराकानी नै गरेन । दुई छिमेकीको बीचमा बसेको मुलुकले एकोहोरो भारतको रटान लगायो ।**

**खरीद सम्झौता अनुसार नेपालले पाउनुपर्ने १० लाख मात्रा खोप सेरम इन्स्टिच्युट अफ इन्डियाले अहिले दिन्नँ भनिदियो। त्यति मात्रै कहाँ हो र, कोभ्याक्स सहयोग अन्तर्गतको १९ लाख २० हजार मात्रा खोप पनि सेरमले दिएन। आफ्नो नागरिक सुरक्षित भएपछि मात्रै खोप बाहिर पठाउने भारतको नीति अनुसार त्यहाँबाट नेपालले अहिले खोप पाउने सम्भावना शून्य छ। यसको ठीकविपरीत चीनले उत्पादनको ५० प्रतिशत बाहिर पठाइरहेको छ । त्यसैगरी, उसले अन्य मुलुकसँग मिलेर स्थानीयस्तरमैं खोप उत्पादन शुरू गरेको छ। पाकिस्तान, टर्की, मलेसिया, इन्डोनेसिया, किर्गिस्तान, इजिप्ट, ब्रजील, मेक्सिकोलगायतल चीनको सहयोगमा आफैं उत्पादन शुरू गरिसके । हामी यति नजीक र घनिष्ट भएर पनि न त समयमैं खरीदको पहलसमेत गर्न सकेनौ । खोप कूटनीतिमा सरकारी अदूरदर्शिता एवं असफलताको परिणाम अहिले मुलुकले भोगिरहेको छ ।**

# रामायण महाकाव्य समापन : वाल्मीकीय रामायण सन्दर्भ


स्वान्तः सुखाय





सञ्जय मित्र
mitrasanjay41@gmail.com


**पूर्वीय संस्कृतिमा राम र रामकथाको अत्यन्त धेरै महत्त्व रहेकाले यस कृतिको अध्ययन युगौंयुगसम्म चलिरहनेमा कसैको दुईमत नहोला । वास्तवमा रामायण यस्तो कालजयी रचना हो, जसको अध्ययनले युग, स्थान, पाठकको योग्यता अनुसार अर्थबोध गराउँछ भनेर अद्यपर्यन्त व्याख्याताहरू भन्ने गर्दछन् ।**

समापनका दृष्टिले विश्वमा दुई रीति प्रचलनमा छन्, सुखान्त र दु:खान्त । पूर्वीय साहित्य सिद्धान्तमा सुखान्त रीति प्रचलनमा रहेका छन् भने पाश्चात्य साहित्य सिद्धान्तमा दु:खान्त । पूर्वीय साहित्यका अधिकांश सिर्जनामा यो धर्मको निर्वाह गरिएको पाइन्छ तर रामायणको सन्दर्भमा भने फरक मत पाइन्छ ।

रामायण रचनाको पनि इतिहास छ भनिन्छ । अहिले प्रचलनमा रहेको र निकै प्रसिद्धि पाएको वाल्मीकीय रामायण हो । के भनिन्छ भने पहिले रामकथा लोकजीवन प्रचलित थियो । गुरुकुलमा यसलाई श्रुत परम्परामा जीवित राखिएको थियो । शिष्यहरूलाई आदर्श जीवनको कथा सुनाउनुपर्दा रामको आदर्श र त्यागको सन्दर्भमा सीताको जीवनी सुनाइन्थ्यो। प्रेमको सन्दर्भमा श्रीकृष्णको चरित्र वर्णन गरिन्थ्यो। राम र कृष्णलाई विष्णुको अवतार बताइन्थ्यो । कालान्तरमा लेख्य पद्धतिको व्यवस्थित विकास भएपछि रामकथालाई लेख्ने प्रयास गरियो । स्वाभाविक हो, पहिले गुरुकुलमा लेखिने भनेको संस्कृतमा नै हो। एक ठाउँमा एक गुरुले लेखेपछि अर्को ठाउँमा वा अर्को पुस्तामा त्यसमा थपघट गर्दै अरू गुरु वा ऋषिले पनि लेख्दै गए। यसरी श्रुत परम्परामा रहेको रामायणको आख्यान बिस्तारै काव्यबाट विस्तार हुँदै महाकाव्यमा परिणत हुँदै गयो। यसै कारण रामायणको कथामा क्षेत्रगत र गुरु अनुसार भिन्नता पनि आउँदै गयो। अहिलेसम्म विभिन्न प्रमुख भाषामा लेखिएका प्रतिष्ठित रामायणको मूल आख्यान एउटै रहे पनि प्रस्तुति र कथानकमा भने भिन्नता रहेको देखिन्छ।

रामायणलेखन परम्परामा वाल्मीकीय रामायणले निकै चर्चा र प्रतिष्ठा पाएको छ, मुख्यगरी हिन्दीभाषी क्षेत्रमा । के भनिन्छ भने प्रारम्भमा वाल्मीकीय रामायण सुखान्त नै थियो । लङ्का विजयपश्चात् सीतासहित अयोध्या फर्केका रामले अयोध्याको शासनमा बसेपछि रामराज्य शुरू भएको थियो । रामले एघार हजार वर्षसम्म शासन गरेको कुरा वाल्मीकीय रामायणमैं लेखिएको छ:

**दशवर्षसहस्राणि दशवर्षशतानि च ।**
**भ्रातृभि: सहित: श्रीमान् रामो राज्यमकारयत् ॥**

वाल्मीकीय रामायणको युद्धकाण्डको एक सय अठाइसौं सर्गको १०६औं श्लोक हो । यसको भावार्थ हो, भाइहरूसहित रामले एघार हजार वर्षसम्म शासन गरे।

वाल्मीकीय रामायणको यस श्लोकपछिका श्लोकहरूमा कथानकको कुनै पनि कुरा दिइएको छैन। यस सर्गसँगै यस ग्रन्थको काण्ड पनि समापन हुन्छ। यसमा १२५ श्लोक रहेका छन्। समापनको दृष्टिकोणले सवा सय (सवा एक सय)लाई शुभ बनाइएको हुनुपर्छ । १०७औं श्लोकदेखि १२५औं श्लोकसम्म समापनको कुरा दिइएको छ । रामायण पढ्नाले हुने फाइदाको सन्दर्भ मात्र रहेको छ सम्पूर्ण १९ श्लोकमा । १०७औं श्लोक हेरौं:

**धर्म्यं यशस्यमायुष्यं राज्ञां च विजयावहम्।**
**आदिकाव्यामिदं चार्षं पुरा वाल्मीकिना कृतम् ॥**

(यो ऋषिप्रोक्त आदिकाव्य रामायण हो, जसलाई पूर्वकालमा वाल्मीकिले बनाएका थिए। यो धर्म, यश तथा आयु वृद्धि गर्ने एवं राजालाई विजय दिनेछन्।) यसैगरी १२५औं श्लोक हेरौं:

**आयुष्यमारोग्यकरं यशस्यं सौभ्रातृकं बुद्धिकरं शुभं च ।**
**श्रोतव्यमेतन्नियमेन सद्भिराख्यानमोजस्करमृद्धिकामैः ॥**

(यो काव्य आयु, आरोग्य, यश तथा भ्रातृप्रेम बढाउनेवाला छ। यो उत्तमबुद्धि प्रदान गर्ने तथा मङ्गलकारी छ, अत: समृद्धिको इच्छा राख्ने सत्पुरुषले यो उत्साहवर्द्धक इतिहासको नियमपूर्ण श्रवण गर्नुपर्छ ।)

माथि उल्लेख गरिएको १०६औं श्लोकभन्दा पहिले यसै सर्गका श्लोकहरूमा रामराज्यको अवस्था कस्तो थियो भन्ने उल्लेख गरिएको छ । ९५औं श्लोकमा पनि रामले एघार हजार वर्षसम्म शासन गरेको उल्लेख गरिएको छ । संयोगान्त कथानकको दृष्टिकोणले यस सर्गको ९३औं र ९४औं श्लोक उत्कर्ष हुन् र रामायणकथा समापन भएको देखिन्छ। यी श्लोकमा भनिएको रामचन्द्रले सम्झाइबुझाइ गर्दा पनि लक्ष्मणले युवराज पद अस्वीकार गरेपछि भरतलाई युवराज पदमा अभिशिक्त गरिन्छ । राजकुमार महाराज श्रीरामले अनेकपटक पौण्डरीक, अश्वमेध, वाजपेय तथा अन्य अनेक प्रकारका यज्ञको अनुष्ठान गरे ।

युद्धकाण्ड पढेपछि वाल्मीकीय रामायण सम्पूर्णत: समापन भएको लाग्छ।

युद्धकाण्डपछि उत्तरकाण्ड आएको छ। उत्तरकाण्डमा एक सय एघार सर्ग रहेका छन् । यसमा रावणको जन्म, लङ्कामा कुबेरको राज्य स्थापना, राक्षसहरूको उत्पत्ति, इन्द्रसित युद्ध, सीताको पूर्वजन्मको कथा आदि कुराहरूको वर्णन गर्दै लवकुशको कथा, सीताको पाताल प्रवेश आदिको सन्दर्भलाई समावेश गरिएको छ । उत्तरकाण्डको एक सय दशौं सर्गको अन्तिममा राम आफ्ना प्रजाहरूसहित महान् धाम गएको सन्दर्भ रहेको छ र एक सय एघारौं सर्गलाई रामायण काव्यको उपसंहार र महिमाको रूपमा प्रस्तुत गरिएको छ । पच्चीस श्लोक रहेको यस सर्गमा युद्धकाण्डको अन्त्यमा जस्तै समापकीय मन्तव्यजनक श्लोकहरू रहेका छन्। यसको पहिलो श्लोक यस्तो रहेको छः

**एतावदेतदाख्यानं सोत्तरं ब्रह्मपूजितम्।**
**रामायणमिति ख्यातं मुख्यं वाल्मीकिना कृतम् ।**

अर्थात् महर्षि वाल्मीकिद्वारा निर्मित यो रामायण नामक श्रेष्ठ आख्यान उत्तरकाण्डसहित यति नै हो। ब्रह्माजीले पनि यसको आदर गरेका छन् । र यस सर्गको तथा यस ग्रन्थकै अन्तिम श्लोक यस्तो छ :

**एवमेतत् पुरावृत्तमाख्यानं भद्रमस्तु वः।**
**प्रव्याहरत विस्रब्धं बलं विष्णोः प्रवर्धताम् ॥**

अर्थात् यस प्रकार यो पुरातन आख्यानलाई तपाईंहरू विश्वासपूर्वक पाठ गर्नुहोस् । तपाईंको कल्याण होओस् र भगवान् विष्णुको बलको जय होओस् ।

अन्तिमका दुवै काण्डमा रामायण पाठक तथा श्रोताको मङ्गल हुने, लोक-परलोक शुभ हुने, ग्रहहरू शान्त हुने, पितृहरूको उद्धार हुने तथा विष्णु सदैव साथ रही अन्तमा मोक्ष प्राप्ति हुने जस्ता झन्डै समभाव व्यक्त गरिएका श्लोकहरू रहेका छन् । एकै कृतिमा यसरी दोहोर्‍याएर समापन गरिएको जस्तो भाव पाइनुले पनि वाल्मीकीय रामायणमा भनिएको उत्तरकाण्ड वाल्मीकीय रामायणमा पछि आएर समावेश गरिएको हो भन्ने आलोचकहरूले बताउँदै आएका छन् ।

संस्कृत भाषाका अध्येताहरूले यो पनि भन्ने गरेका छन् कि बालकाण्डदेखि युद्धकाण्डसम्म वाल्मीकिकृत रामायणको जुन भाषा र शैली रहेको छ, उत्तरकाण्डमा रहेको छैन ।

अझै पनि कतिपय क्षेत्रमा उत्तर रामायण भनेर उत्तरकाण्डको कथानक प्रचलनमा रहेको छ । तुलसीदासकृत रामायणमा लवकुशकाण्ड भनिएको छ। यद्यपि बज्जिका रामायणमा त उत्तरकाण्ड वा लवकुशकाण्डको कल्पना नै गरिएको छैन । यसको कथानकलाई रामले राज्यको बागडोर सम्हालेपछि जब रामराज्यको प्रारम्भ हुन्छ, त्यही समापन गरेको छ । बज्जिका रामायणका रामायणकार महाकवि प्राडा अवधेश्वर अरुण (डि.लिट्.) यस पङ्क्तिकारसित भन्दछन्– पूर्वीय साहित्य सिद्धान्त र अन्य आख्यानहरूले यस क्षेत्रको साहित्य संयोगान्त हुने गरेको छ भने रामायण अपवाद हुन सक्दैन ।

रामायणले उत्कर्ष प्राप्त गरेपछि उत्तरकाण्डपछि थपिएको हो भन्ने अनुमानलाई वाल्मीकीय रामायणभित्रका अन्य केही तत्त्वले पनि तथ्य दिने काम गरेका छन् ।

यस रामायणका अन्य काण्डको आरम्भ र अन्त्य हेर्दा केवल प्रथममा मात्र मङ्गलोच्चारण गरिएको छ। अन्यत्र पनि काव्यमा यही गरिएको हुन्छ । रामचरितमानसमा पनि यही गरिएको छ । बालकाण्डको प्रारम्भ हुँदा महाकाव्यको प्रारम्भ हुँदा अपनाइने पौराणिक पद्धति अपनाइएको छ । यसपछि अन्य काण्डहरूको प्रारम्भ हुँदा सोझै कथानकलाई अगाडि बढाइएको छ। काण्डहरूको समापन कथानकको प्रसङ्ग र सन्दर्भ अनुसार समापन भएको देखिन्छ । कुनै काण्ड जहाँ समापन भएको छ, त्यसको अन्तिम श्लोक र लगत्तै प्रारम्भ हुने नयाँ काण्डको प्रथम श्लोकबीच कनाथकको सन्दर्भ तथा भाषाको तारतम्य पूर्णतया मेल भएको छ तर युद्धकाण्ड र उत्तरकाण्डमा त्यस किसिमको तारतम्य वा सामञ्जस्यको सन्दर्भगत मेलको अभाव रहेको देखिन्छ।

वाल्मीकीय रामायणले प्रारम्भदेखि जुन किसिमको शैली प्रारम्भदेखि अपनाएको छ, त्यो युद्धकाण्डसम्म एकैनासले गएको छ। कथानकको पूर्वापर सम्बन्ध, कथानकमा प्रयोग गरिएको पूर्वदीप्तिको शैली र उत्तरकाण्डमा अपनाइएको यही पूर्वापर सम्बन्ध तथा पूर्वदीप्तिको शैलीमा भिन्नता देख्न सकिन्छ। युद्धकाण्डसम्म कथानकको प्रस्तुति तथा विषयवस्तुको पुष्टिका निम्ति प्रयोग गरिएको वृत्तकारीय शैली र उत्तरकाण्डमा प्रयोग गरिएको वृत्तकारीय शैलीमा स्पष्ट भिन्नता देख्न सकिन्छ ।

उत्तरकाण्ड, उत्तर रामायण, लवकुशकाण्ड आदि जे भनिए पनि यस खण्डले रामायण कथानकको विस्तार मात्र गरेको छैन, यसले थप नैतिक तथा औपदेशिक सन्देश दिएको छ । युद्धकाण्डमा जहाँ रामायण सुखान्त वा संयोगान्त हुन्छ, उत्तरकाण्डमा गएर रामायण दु:खान्त वा वियोगान्त हुन्छ। सीताप्रतिको श्रद्धा पाठकमा झन् बढेर जान्छ । रामपरिवार तथा रावण र अन्य राक्षसको विषयमा थप धेरै कुरा जानकारी प्राप्त हुन्छ । उत्तरकाण्डमा प्रस्तुत गरिएको सीता, राम, लवकुश अर्थात् रामपरिवारबाहेक अन्य विषय र सन्दर्भले पाठकलाई खासै आकर्षित गर्दैन। उत्सुकता रामको अश्वमेध यज्ञप्रति बढिरहन्छ ।

रामायण महाकाव्यमा वाल्मीकि आफैं पनि पात्र छन्, उत्तरकाण्डमा ।

तुलसीदासकृत रामचरितमानसमा पनि वाल्मीकिरचित रामायणको चर्चा कतै कतै गरिएको छ ।

उत्तरकाण्डसहितको रामायण कथानकको समापनले फरक किसिमको मान्यता बोकेको अध्येताहरूले बताउने गरेका छन्। पूर्वीय संस्कृतिमा राम र रामकथाको अत्यन्त धेरै महत्त्व रहेकाले यस कृतिको अध्ययन युगौंयुगसम्म चलिरहनेमा कसैको दुईमत नहोला । वास्तवमा रामायण यस्तो कालजयी रचना हो, जसको अध्ययनले युग, स्थान, पाठकको योग्यता अनुसार अर्थबोध गराउँछ भनेर अद्यपर्यन्त व्याख्याताहरू भन्ने गर्दछन् ।

# प्रशासनिक भवन निर्माणमा लापरवाही

सर्लाही, २८ जेठ/रासस

सर्लाहीको मलङ्गवा नगरपालिकाको प्रशासनिक भवन निर्माण गुणस्तरहीन भएको पाइएको छ । मलङ्गवा नगरपालिका–२ को सिटिइभिटी कलेज र शिक्षा कार्यालयको अगाडि निर्माण शुरू भएको भवनको निर्माणमा लापरवाही भएको पाइएको हो । भवन निर्माणमा गुणस्तरहीन सामान प्रयोग भइरहेको भएपनि मलङ्गवा नगरपालिकाका प्रमुख निरसल साहलगायत सरोकारवाला निकाय मौन देखिएका छन् । नगरप्रमुख साहका अनुसार आरसिसीको रिङमा इँटा जडान गरेको स्थानमा केही समस्या आएको हो। त्यसलाई ठेकेदार कम्पनीले व्यवस्थापन गर्ने बताएको नगरप्रमुख साहले जानकारी दिए ।

पूर्वाधार विकास कार्यालय जनकपुर र मलङ्गवा नगरपालिकाको गरी कुल रु चार करोड ९७ लाखको लागतमा निर्माणाधीन अवस्थामा रहेको नगरपालिकाको प्रशासनिक कार्यालय भवन तीन तले बन्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदीले जानकारी दिए। बहुवर्षे कार्यक्रम अन्तर्गत ग्रागन शिवालय (जेभी) कम्पनीले निर्माणको काम गरिरहेको छ ।

प्राविधिक समस्याका कारण तीन तले भवनको जग भत्किएको र त्यसमा गुणस्तरहीन नभई प्राविधिक कारण पर्खाल भत्किएको साथै पर्खाल भत्किनुमा नगरपालिका जवाफदेही हुने निर्माण कम्पनीले जनाएको छ। नगरपालिकाले परिणाम घट्ने भन्दै माटो अड्याउने गरी मात्र काम गर्न भनेको र सोही अनुसार काम गर्दा समस्या आएको कम्पनीका साइट प्रमुख सुनील सुवेदीले बताए। आफूहरूले तिरेको करबाट भएको निर्माणमा गुणस्तरहीन काम भएको भन्दै निर्माण रोकेर सरोकारवाला निकायले स्थलगत निरीक्षण गरी सत्यतथ्य छानबीन गरी ठेकेदारलाई कारबाई गर्न स्थानीय बासिन्दाले माग गरेका छन् ।

## सच्याइएको

२०७८ जेठ २८ गते यस दैनिकको सम्पादकीयमा '...नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले गराएको सङ्घीय तथा प्रदेशसभा चुनावबाट...' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । –सं

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनमा ८५ करोड मात्रा खोप लगाइयो

बेइजिङ, २८ जेठ/सिन्ह्वा

चीनमा बिहीवारसम्ममा करीब ८५ करोड मात्रा कोभिड–१९ विरुद्धको खोप लगाइएको राष्ट्रिय स्वास्थ्य आयोगले जनाएको छ ।

विश्वमा हालसम्म संयुक्त राज्य अमेरिकामा ३० करोड ४८ लाख, भारतमा करीब २४ करोड, ब्रजीलमा ७ करोड, बेलायतमा करीब ७ करोड, जर्मनीमा पाँच करोड ७९ लाख, फ्रान्स र इटालीमा चार/चार करोड खोप लगाइसकिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर हाल ३७ लाख ८९ हजार व्यक्तिको कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु भएको छ। विश्वभर कुल १७ करोड ५६ लाख व्यक्ति सङ्क्रमित भएकामध्ये १५ करोड ९२ लाख सङ्क्रमणमुक्त भएका छन् ।

हालसम्म संयुक्त राज्य अमेरिकामा छ लाख १४ हजार, भारतमा तीन लाख ६३ हजार, ब्रजीलमा चार लाख ८२ हजार, फ्रान्समा एक लाख १० हजार मानिसको ज्यान गएको छ । कोरोना भाइरसको सङ्क्रमणबाट जोगाउन खोप नै सर्वोत्कृष्ट उपाय रहेको अध्ययनहरूले देखाएका छन् । तर विश्वका सबैजसो मुलुकमा समानुपातिकरूपमा खोप उपलब्ध हुन नसक्दा खोप लगाउने अभियानमा नराम्रो प्रभाव परेको छ । रासस

# दुर्घटनामा १८ जनाको मृत्यु, ३० घाइते

इस्लामाबाद, २८ जेठ/एएनआई

पाकिस्तानको बलुचिस्तान प्रान्तमा भएको यात्रीवाहक बस दुर्घटनामा परी कम्तीमा १८ जनाको मृत्यु भएको छ ।

घटनामा परी अरू ३० जनाभन्दा बढी मानिस घाइते भएका सरकारी अधिकारीहरूले शुक्रवार जानकारी दिएका छन् ।

उनीहरूका अनुसार बलुचिस्तानको खुज्दार जिल्लामा यात्रीवाहक बस दुर्घटना भएको हो । घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पतालहरूमा लगिएको छ। घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर रहेको पनि जनाइएको छ ।

सिन्ध प्रान्तको लर्काना जिल्लाबाट खुज्दारतर्फ गइरहेको बस दुर्घटनाग्रस्त भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

घटनाबारेमा थप अनुसन्धान भइरहेको पनि स्थानीय प्रहरीले जनाएको छ । यसै साताको शुरूमा पाकिस्तानको सिन्धमा दुईवटा रेल जुधेर दुर्घटना हुँदा कम्तीमा ६२ जनाको मृत्यु भएको थियो भने सयौं व्यक्ति घाइते भएका थिए । रासस

# म्यान्मामा थप ६३८ जना गिरफ्तार

याङ्गुन, २८ जेठ/एएनआई

म्यान्मामा विरोध प्रदर्शनमा उत्रिएका थप ६३८ जनालाई पक्राउ गरिएको अधिकारीहरूले जनाएका छन् ।

आतङ्कवादीसम्बन्धी ऐन अनुसार उनीहरूलाई पक्राउ गरिएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

पक्राउ परेकामध्ये ४९ जनालाई आगजनी र ६१ जनालाई हत्यासम्बन्धी अभियोग लगाइएको छ भने २५६ जनालाई सुरक्षा व्यवस्थामा खलल पुऱ्याएको तथा विस्फोटन गराएको र २७२ जनालाई आतङ्कवादी क्रियाकलाप गरेको अभियोग लगाइएको छ ।

सुरक्षाकर्मीहरूले साना बन्दुक, बम तथा विस्फोटक पदार्थ, घरेलु बन्दुक, घरेलु हतियारलगायत विभिन्न हतियार तथा विस्फोटक पदार्थहरू पनि बरामद गरेको सुरक्षा निकायले शुक्रवार जनाएको छ ।

म्यानमामा गत फेब्रुअरी १ देखि सङ्कटकाल लागू गरिएको छ भने नागरिक आन्दोलन पनि भइरहेको छ ।

म्यानमाको सेनाले लोकतन्त्रवादी नेत्री आङ साङ सूकीसहित सरकारको नेतृत्वमा रहेका तथा दलको नेतृत्व गरेका विभिन्न नेतालाई नियन्त्रमा लिएर सत्ता हातमा लिएको छ ।

सेनाले सत्ता लिएको र लोकतन्त्र मासेको भन्दै भइरहेको आन्दोलनका क्रममा अहिलेसम्म सयौं मानिसको मृत्यु भइसकेको छ । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – अस्वस्थता | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – कडाश्रम |
| कुम्भ – कार्यनाश | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

Katahariya Municipaltiy
Office of Municipal Executive
Katahariya, Rautahat

**Invitation for opening of Price Bid**

Date of Publication :2078/02/29 (12 Jun 2021)

In reference to the invitation for Bid notice Published on 6th May 2021 (2078-01-23) in the Today Express daily newspaper, the following bidders have been selected as responsive bidders from the technical evaluation. The flowing Responsive bidders are thus invited to attend the price bid opening.

**Detail of Technical Evaluation**
**Invitation No. : NCB/03/KATMUN/2077/78**
**Name of the works: Construction of Agricultural Wholesale Market.**

| S.No. | Name of Bidders | Responsive/Non responsive | Remark |
|---|---|---|---|
| 1 | M/s Pratistha-Dhulikhel-Axis Asian JV | Responsive | |
| 2 | M/s Rabina/Nawa Srijanshil JV | Non-Responsive | Doesn't meet the criteria of General work construction experience and Key activities. |

**Details of Price Bid Opening**
**Date :** 2078/03/06 (20 June 2021)
**Place :** Katahariya Municipaltiy, Katahariya, Rautahat

**Act. Chief**
**Administrative Office**

# प्रहरी राष्ट्रसेवक हो, शासक होइन

सरोकार



राजेश मिश्र

**कोरोनाले प्रहरी, कर्मचारी, किसान, विद्यार्थी र महिला वा पुरुष भनेर चिन्दैन । जथाभावी हिंड्ने जोकोही पनि सङ्क्रमित हुन सक्छन् । त्यसैले समुदायको हितको लागि प्रहरी आफ्नो कार्य प्रवाहमा तत्पर छ ।**

कोरोना महामारीको संवेदनशील समयमा प्रहरी अग्रपङ्क्तिमा खटिरहेको छ । पेशागत कर्तव्य निर्वाह गरिरहेको छ । परिवार र जहानको चिन्ता भएपनि अहिले परिवारलाई फोनको माध्यमबाट सल्लाह र प्रोत्साहन दिनुको विकल्प छैन । अपवादबाहेक प्रहरीहरूको पारिवारिक भेटघाट अन्य पेशार्मीहरू जस्तो सरल हुँदैन । सामान्य अवस्थामा पनि हतपत छुट्टी पाइँदैन भने अहिलेको परिस्थितिमा आकस्मिकबाहेक घरबिदा रोक्का छ । हृदयभित्रको पीडा कतिपयलाई अश्रुको रूपमा आँखामा आइरहेकै होला । प्रहरी पनि हाम्रै समाजका कुनै न कुनै परिवारका जिम्मेवारी वाहक हुन् । कसैको छोरा/बुबा, पति/पत्नी, दाइ/भाइ, छोरी/बुहारी वा आफन्त हुन् । अतः प्रहरीले आफ्नो परिवार सरह समुदायमा पनि ममत्व बोध हुने प्रकृतिको व्यावहारिक हुन जरुरी छ ।



बेलबहादुर पाण्डे (प्रहरी उपरीक्षक), सनन्दनप्रसाद कुर्मी (पूर्व प्रहरी वरिष्ठ उपरीक्षक), राधाकृष्ण कायस्थ (पूर्व प्रहरी नायब निरीक्षक), शिवकान्त दुबे (प्राध्यापक)

मानिस सामाजिक प्राणी हो । विविध आवश्यकताका लागि एक मानिसले अर्को मानिस, समूह र समुदायसँग अन्तर्क्रियात्मक सम्बन्ध स्थापित गर्दछ । व्यक्तिका गुण र अवगुणले समाजमा गहिरो असर पार्छ । एकअर्काबीचको अन्तरसम्बन्ध आआफ्नो व्यवहारमा निर्भर हुन्छ । विचार, व्यवहार र क्रियाको प्रभाव एकअर्कामा पर्छ । व्यक्तिको सामाजिक व्यवहार उसको मानसिक अवस्था अनुसार प्रभावित भइरहन्छ । अपवादबाहेक मानवमा केवल आफूलाई असल ठान्ने मनोविज्ञान बढी पाइन्छ । यद्यपि को असल छ ? कसले समाजको लागि उदाहरणीय कार्य गरिरहेको छ ? लगायतका प्रसङ्गहरू समुदायमा चर्चा हुँदैन भन्ने होइन ।

झन्डै एक दशकअघिको एक प्रसङ्ग यहाँ प्रस्तुत गर्नु आवश्यक छ । पर्साको भेडिहारीमा एक दिने स्वास्थ्य शिविर उद्घाटन कार्यक्रममा पर्साका तत्कालीन जिल्ला प्रशासन र जिल्ला प्रहरीका प्रमुखद्वय आमन्त्रित थिए । उक्त कार्यक्रममा तत्कालीन पर्सा प्रहरी प्रमुख रमेश खरेलको आगमन हुने कुरा चारैतिर फैलिइसकेको थियो । खरेल किन चर्चित भए ? किनभने उनको मातहतका प्रहरीको उदण्ड प्रवृत्ति मात्र ध्वस्त भएको थिएन, अपितु आपराधिक गतिविधिमा संलग्न पात्रहरू पनि पक्राउ हुने क्रम जारी थियो । आमनागरिकलाई शान्ति र अमनचयन महसूस भइरहेकोले खरेल समाजमा चर्चित भए । त्यसैले उनी आफ्नै गाउँमा आइरहेको खबर सुनेर भेडिहारी तथा सो क्षेत्र वरिपरिका सबै उमेर समूहका महिला र पुरुषहरूको बाक्लो उपस्थिति थियो । स्वास्थ्य उपचारभन्दा पनि तत्कालीन प्रहरी उपरीक्षक खरेललाई प्रत्यक्ष हेर्ने आकाङ्क्षा जनमानसमा उच्च थियो । कार्यक्रममा उपस्थितजनहरूको आँखा उत्सुकतापूर्ण भावमा खरेलको अनुहारमा केन्द्रित थियो । फाटेको कपडा लगाएकी एक किशोरीको काखमा सिङान बगिरहेको बच्चा थियो । कार्यक्रम सकेपछि प्रायः अथितिहरू एकापसमा परिचय आदानप्रदान गरिरहेका बेला खरेल उठेर त्यो बच्चानजीक गए । बच्चालाई काखमा लिए । आफ्नै रूमालले बच्चाको सिङान पुछिदिए । आफ्नो भागको फ्रूटी बच्चालाई खुवाए । यो दृश्यले सबैको मन छोयो । उक्त प्रसङ्ग अहिले पनि देहातमा चर्चा हुने गर्दछ ।

पछिल्लो समय अस्पतालमा भर्ना भएका एक बच्चाको अभिभावकलाई पावरहाउस चोकमा प्रहरीबाट भएको दुर्व्यवहारको भिडियो सामाजिक सञ्जालमा भाइरल भयो । प्रहरी प्रमुख बेलबहादुर पाण्डेले घटनाप्रति संवेदनशीलता देखाए । यस कदमको प्रशंसा भइरहेकै बेला प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीको व्यवहारले समाजमा नकारात्मक सन्देश प्रवाह गऱ्यो । अहिले बाराको सीमा क्षेत्रमा नेपाली सुरक्षा बल र भारतीय सुरक्षा बलले संयुक्तरूपमा सञ्चालन गरिरहेको रचनात्मक कार्यक्रमले सर्वत्र प्रशंसा पाइरहेको छ । कोरोनाको मानसिक पीडामाझ यस्ता कार्यक्रमहरूले प्रहरी र नागरिकबीच नङ र मासुको सम्बन्ध स्थापित गर्न सघाउ पुऱ्याउँछ । शान्ति र सुव्यवस्था कायम गर्न प्रहरीको उपस्थिति अपरिहार्य र अनिवार्य छ । विज्ञहरूबाट कोरोनाको तेस्रो लहर आउन सक्ने सम्भावना व्यक्त भइरहेको छ । तसर्थ प्रहरी प्रशासन र जनसमुदायबीचको सुमधुर सम्बन्धले भविष्यमा आइपर्ने आपदासँग लड्न सक्षम बनाउनेछ ।

यही सेरोफेरोमा पर्साका प्रहरी प्रमुख, पूर्वप्रहरीहरू तथा बौद्धिक वर्गसँग भएको छलफलको संक्षिप्त अंश प्रस्तुत छ ।

**बेलबहादुर पाण्डे (प्रहरी उपरीक्षक, पर्सा)**

कोरोनाको सङ्क्रमण फैलिनुमा मानवीय गतिविधि प्रमुख कारण हो भन्ने कुरा सबैलाई थाहा छ । लकडाउन पालना गराउनुका साथै प्रहरी कानूनविरोधी गतिविधि गर्नेहरूतर्फ पनि चनाखो रहनु त्यत्तिकै जरुरी छ । सामान्य अवस्थाभन्दा कोरोना महामारीकालमा प्रहरीको कर्तव्यभार बढेको छ । कोरोनोको व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै अपराध र तस्करीजन्य विविध कानूनविरोधी गतिविधि नियन्त्रण गर्ने कार्यमा पर्सा प्रहरी सूक्ष्म निगरानीका साथै सर्तक र सावधान छ । कोरोनाले प्रहरी, कर्मचारी, किसान, विद्यार्थी र महिला वा पुरुष भनेर चिन्दैन । जथाभावी हिंड्ने जोकोही पनि सङ्क्रमित हुन सक्छन् । त्यसैले समुदायको हितको लागि प्रहरी आफ्नो कार्य प्रवाहमा तत्पर छ ।

प्रहरी सधैंझैं कोरोनाकालमा पनि सामाजिक शान्ति सुव्यवस्थाको लागि कर्तव्यनिष्ठ भएर खटिरहेको छ । सूचनामा जारी भएको बाहेकका सवारीसाधन र व्यक्ति मात्र कारबाईमा परेका छन् । निषेधाज्ञाको अवज्ञा गर्नेहरूलाई सम्झाउने, मास्कविना हिंड्डुल गर्नेलाई मास्क दिनेलगायतका रचनात्मक कार्य पनि नगरिएको होइन । बिरामी, चिकित्सक, स्वास्थ्यकर्मी, औषधि व्यवसायी, सञ्चारकर्मी तथा सवारीपास भएकाहरूको आवतजावतमा कुनै बाधा पुऱ्याइएको छैन । त्यस्तै, खाद्यान्न, तरकारी, दूध, औषधिलगायतका नितान्त आवश्यक आपूर्ति गर्ने ढुवानीका सवारीसाधनलाई सहजता प्रदान गरिएको छ ।

कर्तव्य निर्वाहको दौरान एक महिलासहित पर्सामा ९ जना प्रहरी सङ्क्रमित भए । अहिले सातजना प्रहरी काममा फर्किसकेका छन् । एकजना प्रहरी नायब निरीक्षक अझै पनि काठमाडौंमा उपचाररत छन् । सुरक्षाको दृष्टिकोणले सबै प्रहरी कर्मचारीलाई शारीरिक शक्ति प्रदान गर्ने औषधि वितरण गरियो । साथै मास्क, फेसशिल्ड, सेनिटाइजर पनि दिइयो । बिदामा रहेका बाहेकका प्रहरीहरूलाई कोरोनाको पहिलो खोप लागिसकेको छ । कार्यालयमा बेसार र पानीको समेत व्यवस्था गरिएको छ । समाजलाई सुरक्षित र सुव्यवस्थित राख्नको लागि प्रहरी पनि स्वस्थ्य रहनु आवश्यक छ ।

समाजमा सकारात्मक र नकारात्मक दुवै प्रवृत्तिका मानिस हुन्छन् । कर्तव्य पालनाको दौरानमा प्रहरीबाट गलती नभएको भन्न सकिंदैन । यद्यपि कतर्व्यपथमा अहोरात्र खटिरहने प्रहरीले कयौं स्थानमा दुर्व्यवहार भोग्नुपरेको अवस्था छ । प्रहरीको गाडी तोडफोड गर्नुका साथै हातपातसम्मका घटना पनि घटेका छन् । यद्यपि प्रहरी संयमित भएर सेवाप्रवाहमा अहोरात्र खटिरहेको छ । कोरोनाको महामारीमाझ अवाञ्छित तत्त्वहरूलाई पर्सा प्रहरीले पक्राउ गर्नुका साथै कारबाई प्रक्रिया अगाडि बढाउँदै लगेको छ । सकारात्मक प्रवृत्तिका नागरिक, युवाजमात तथा राजनीतिक दलको साथ र सहयोगले लकडाउनको परिणाम छर्लङ्ग छ । सङ्क्रमणको दरमा दिन प्रतिदिन आइरहेको गिरावट हामी सबैको लागि खुशीको कुरा हो ।

**सनन्दनप्रसाद कुर्मी (पूर्व प्रहरी वरिष्ठ उपरीक्षक)**

प्रहरीलाई कोरोना महामारीको दौरान सेवाप्रवाहमा आउन सक्ने सम्भावित कठिनाइबारे पूर्वजानकारी थिएन । त्यसैले प्रहरीहरूलाई पूर्वप्रशिक्षण नदिइएको हुनाले व्यवस्थापनमा कमी देखिएको हो । स्थान अनुसार मानिसको व्यवहार, रहनसहन, भेषभूषा र भाषा आदि फरक–फरक हुन्छन् । जस्तै लकडाउनमा जनसमुदायसँग कसरी व्यवहार गर्ने ? के गर्ने ? के नगर्ने ? आदि कुराहरूको अभाव देखिन्छ । किनभने अहिलेको यो लकडाउन कुनै राजनीतिक आन्दोलन, बन्द, हडताल वा दङ्गा निस्तेज पार्नको लागि कदापि गरिएको होइन । लकडाउनको एकमात्र ध्येय हो, कोरोना सङ्क्रमणको प्रसारलाई रोक्नु ।

प्रहरीमा पनि भिन्न–भिन्न समाज, परिवार र परिवेशबाट आएका व्यक्तिहरू हुन्छन् । त्यस कारण व्यवहार, ज्ञान, मानसिकतामा पनि फरक हुन्छ । उदाहरणको लागि एउटै कक्षामा समान विषय पढ्ने विद्यार्थीहरू भिन्दाभिन्दै परिवेशबाट आएका हुन्छन् । पढाउने शिक्षक र पढ्ने पाठ्यक्रम सबै विद्यार्थीका लागि एक समान हुन्छन् । यद्यपि परिणाम सबैको फरक–फरक आउँछ । परिणामले व्यक्तिको योग्यता निर्धारण गर्दछ । त्यस्तै, प्रहरीमा पनि प्रशिक्षण र ज्ञान सबैको लागि एक समान हुन्छ । तर कोही उत्कृष्ट हुन्छन् भने कोही पास मात्र हुन्छन् । भन्नुको तात्पर्य के हो कर्तव्यपालनाको सन्दर्भमा कोही सशक्त हुन्छन् भने कोही काखापाखा गर्ने हुन्छन् । कोही प्रशंसनीय कार्य गरेर सङ्गठनमा मात्र होइन, समाजबाट पनि सम्मानित हुन्छन् । कोही ठीकविपरीत ध्रुवमा हिंड्छन् ।

माथिल्लो तहबाट निर्देशन हुँदै तल्लो तहसम्म पुग्छ । निर्देशन अनुसार काम गर्नुपर्दछ । यद्यपि स्थान, समय र परिस्थिति अनुसार कर्तव्य निर्वाहको क्रममा माथिल्लो तहदेखि तल्लो तहले कानून पालनाका साथै परिस्थिति अनुसार विवेक पनि प्रयोग गर्नुपर्दछ । यो कुनै आन्दोलन दबाउनको लागि लकडाउन गरिएको होइन । आमजनताको ज्यान बचाउनको लागि गरिएको हो । प्रहरीहरूले 'म राष्ट्रसेवक हुँ' भन्ने बुझ्नुपर्छ, शासक होइन । सेवाप्रवाह गर्ने व्यक्ति कस्ता छन् ? सेवाप्रवाह त्यसमा पनि निर्भर हुन्छ । राष्ट्रसेवाको अर्थ ठूलालाई बचाउने र सानालाई कारबाई गर्ने होइन । हैसियत अनुसार कारबाई गर्नुपर्छ भन्ने कानूनमा अङ्कित छैन । एकातर्फ कानूनविरोधी कार्य गरेका हैसियतवालालाई कारबाईको दायरामा ल्याउँदा जनस्तरसम्म त्यसको सकारात्मक प्रभाव पर्दछ । अर्कोतर्फ कसूर नगरेका सर्वसाधारण मानिस उपर जाइलाग्दा समग्र समाजमा त्यसको नकारात्मक प्रभाव पर्छ । यस्तो व्यवहारले राष्ट्रसेवक कर्मचारीप्रति सर्वसाधारण मानिसको विश्वास घट्छ । नकारात्मकता बढ्छ ।

राष्ट्रसेवकको कर्तव्य प्रवाहमा राजनीतिक अवरोध पनि अर्को प्रमुख कारण हो । राजनीतिक वृत्तमा वर्चस्ववादी सोच हाबी छ । यो विभिन्न स्वरूपमा प्रकट हुन्छन् । जस्तै सरुवा र बढुवा आदि । यसले के हुन्छ भने अपवादबाहेक राष्ट्रसेवकले आफूलाई राजनीतिकर्मीको सन्निकट पार्ने काम गर्छ । र 'गिभ एन्ड टेक' जस्तो आचरण स्थापित हुन जान्छ । परिस्थितिको ख्याल राख्दै प्रहरीले संयमता अपनाउनुपर्दछ । सर्वसाधारण मानिसले पनि प्रहरीलाई आफ्नो सहयोगीको रूपमा अङ्गीकार गर्नु नितान्त जरुरी छ ।

**राधाकृष्ण कायस्थ (पूर्व प्रहरी नायब निरीक्षक)**

प्रहरी र जनताबीच सुमधुर सम्बन्ध रहेको खण्डमा आपराधिक अनुसन्धानलगायतका कार्यमा प्रहरीलाई सहयोग पुग्छ । तर प्रहरीले वर्दी धारण गरिसकेपछि अपवादबाहेक सम्पूर्ण शक्ति मसँग छ भन्ने भावना विकसित हुनु ठीक होइन । यस्तो सोच समाजको लागि हितकर हुन सक्दैन । अहिले जो प्रहरी कार्यभार सम्भालिरहेका छन्, भविष्यमा उनीहरू पनि पूर्वप्रहरी अर्थात् आमजनताको भूमिकामा हुनेछन् । यसमा कुनै दुई मत छैन । त्यसैले जनतासँग प्रहरीको भूमिका रचनात्मक र समन्वयकारी हुनुपर्छ । पीडित पक्षले प्रहरी

(बाँकी अन्तिम पातामा)

# पर्सागढीका वडासदस्यद्वारा नपालाई ज्ञापन

प्रस, बिरुवागुठी, २८ जेठ/

पर्सागढी नगरपालिकाका वडासदस्यहरूले सेवासुविधासहित बजेट माग गर्दै नगरपालिकामा ज्ञापन बुझाएका छन् ।


तस्वीरः प्रतीक

पर्सागढी नपाका प्रशासकीय अधिकृत भरत यादवलाई वडासदस्य घनश्याम चौधरीको नेतृत्वमा पर्सागढी नपाका वडा नं १ देखि ९ सम्मका २९ जना वडासदस्यले हस्ताक्षर गरी ज्ञापन बुझाएका हुन् । ज्ञापनमा वडास्तर बजेट सिलिङ गर्दा यसअघिको आवमा ६० लाख विनियोजन गरिएकोमा आगामी वर्षको आवमा १ करोड गर्नुपर्ने, वडासदस्यहरूको सेवा, सुविधा, बैठक भत्ता प्रदेश सरकारले निर्णय गरेबमोजिम शुरूदेखि अहिलेसम्म कार्यान्वयनमा ल्याउनुपर्ने, आव २०७४/७५ देखि हालसम्मको आय–व्ययको विवरण सार्वजनिक गर्नुपर्ने, दोस्रो चरणको कोरोना महामारीमा भएका खर्चहरूको विवरण सार्वजनिक गर्नुपर्नेलगायतका मागहरू छन्।

ज्ञापन बुझाउँदै वडासदस्यहरूले आफ्ना माग सम्बोधन नगरिए पाँचौं नगरसभामा सहभागी नहुने चेतावनी दिएका छन् ।

## नेपालको पूर्वी भेगबाट मनसुन प्रवेश

काठमाडौं, २८ जेठ/रासस

बङ्गालको खाडी आसपास विकसित भएको न्यून चापीय क्षेत्रका कारण शुक्रवारदेखि नेपालको पूर्वी भूभाग प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशमा मनसुन आगमन भएको छ । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजु प्रधानाङ्गका अनुसार एक/दुई दिनमैं मनसुन देशैभरि फैलिने सम्भावना छ । आगामी साता मनसुन सक्रिय भई देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा, केही स्थानमा भारी वर्षा र थोरै स्थानमा धेरै भारी वर्षाको सम्भावना छ । महाशाखाले आज विशेष मौसम बुलेटिनमार्फत आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।

महाशाखाले मनसुनलाई निरन्तर अनुगमन गरिरहेको र सबैलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिनसमेत अनुरोध गरेको छ। नेपालमा सामान्यतया मनसुन जून १३ मा भित्रिने र अक्टोबर २ मा बाहिरिने गरेको छ। दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्च (एसएएससिओएफ)ले आगामी मनसुन अवधिमा नेपालका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरेको छ ।

हाल देशको पूर्वी भूभागमा पूर्वीय वायु तथा मध्य र पश्चिमी भूभागमा पश्चिमी वायु र स्थानीय वायुको मिश्रित प्रभाव रहेको छ। तसर्थ देशभर आंशिकदेखि सामान्य बदलीको अवस्था रहेको मौसमविद् प्रधानाङ्गले बताए । आज देशभर सामान्यदेखि पूर्ण बदली रहेको र धेरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको भएको महाशाखाले जनाएको छ । प्रदेश नं २, वाग्मती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षा भएको छ।

# लायन्स क्लबद्वारा फेसशिल्ड हस्तान्तरण

प्रस, वीरगंज, २८ जेठ/

लियो र लायन्स क्लब अफ वीरगंजको आयोजनामा वीरगंज महानगरपालिका, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा र वीरगंज कारागारलाई फेसशिल्ड हस्तान्तरण गरिएको छ।



तस्वीरः सौजन्य

हस्तान्तरण कार्यक्रममा वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीलाई ३ सय थान, ट्राफिक प्रहरी निरीक्षक सुमन कार्कीलाई एक सय थान र वीरगंज कारागारमा एक सय थान फेसशिल्डसहित दुईवटा अक्सिजन सिलिन्डर पनि हस्तान्तरण गरिएको थियो ।

# डुबेर पाँचजना बालिकाको मृत्यु

प्रस, धनुषा, २८ जेठ/

मुखियापट्टि मुसहरनिया-६ लक्ष्मीपुरमा पाँचजना बालिकाको पोखरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ ।

शुक्रवार दिउँसो १२:०० बजेको समयमा घरनजीकैको पोखरीमा नुहाउन गएका बालिकाहरूको पानीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्थानीयवासी पल्टु यादवकी १२ वर्षीया छोरी लक्ष्मीनिया, जोगिन्द्र भगतकी १० वर्षीया छोरी चन्द्रकुमारी, राजगिर पुर्वेकी १३ वर्षीया छोरी मञ्जु, जगरनाथ ठाकुरकी १२ वर्षीया छोरी चाँदनी र उतिम साह तेलीकी १२ वर्षीया छोरी ललिताको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।




# खेलकूदको संसार

## संरक्षणको अभावमा राज रङ्गशाला प्रयोगविहीन

राजविराज, २८ जेठ/रासस

सप्तरीको राजविराजस्थित राज रङ्गशाला संरक्षणको अभावमा जीर्ण बन्दै गइरहेको छ । पछिल्लो समय रङ्गशालाको पर्खाल ठाउँ–ठाउँमा भत्किएको छ भने प्रवेशद्वारसमेत खुला रहेकाले रङ्गशाला बटुवाहरूको खुला शौच गर्ने स्थल बनेको छ। भएका संरचनासमेत जीर्ण हुँदै गएपछि अहिले रङ्गशाला गौचरणमा परिणत भएको छ । रङ्गशालाको पूर्वी भागको प्यारापिटमुनि करीब २० विपन्न परिवारले बारेर कोठा बनाइ प्रयोग गर्दै आएका छन् ।

स्थानीयस्तरका विभिन्न खेलकूद प्रतियोगिताको आयोजना हुँदै आएको यो रङ्गशाला औद्योगिक मेला र राजनीतिक दलको सभा गर्ने स्थलको रूपमा समेत विकास हुन थालेको छ। तर यसको मर्मत, सम्भार र सुरक्षातर्फ सम्बन्धित निकायले चासो देखाउन सकेको छैन । सात हजार दर्शक अटाउने क्षमता भएको प्यारापिटसमेत जीर्ण हुँदा कसैको ध्यान नगएको सप्तरी क्रिकेट सङ्घका अध्यक्ष आयुष श्रेष्ठले बताए ।

राज रङ्गशालाको जीर्ण प्यारापिटको तल्लो भागमा करीब दुई दर्जन परिवार बसोबास गरेका हुनाले राष्ट्रियस्तरको खेलकूद गर्न पनि समस्या हुने गरेको सप्तरी क्रिकेट सङ्घका अध्यक्ष श्रेष्ठको भनाइ छ। अहिले रङ्गशाला खेलाडीले खेल खेल्ने नभई गाईवस्तु चराउने र घाँस काट्ने स्थानका रूपमा परिणत भएको उनको भनाइ छ। राजविराज नगरपालिकाले २१ वर्षअघि नै जिल्ला खेलकूद विकास समितिलाई यसको स्वामित्व हस्तान्तरण गरिसकेको भएपनि समितिले यसको मर्मतसम्भार र संरक्षण गर्न नसकेको आरोप नगरवासीको छ । रङ्गशालाको अतिक्रमित स्थान पनि समितिले खाली गराउन कुनै पहल नगरेको बताइएको छ ।

समितिका कार्यालय प्रमुख दिनेश भुजेलले रङ्गशालाको अतिक्रमित स्थान र प्यारापिटमुनि बस्दै आएकाहरूलाई खाली गराउन पटक–पटक सूचना जारी गरे पनि नटेरेको बताए। जीर्ण अवस्थामा पुगेको प्यारापिट भत्केर कुनै बेला पनि ठूलो दुर्घटना हुन सक्ने भन्दै पटक–पटक त्यहाँको बस्ती खाली गराउन जाँदा दुर्घटना भए हामी आफैं जिम्मेवार हुनेछौं भनेर त्यहाँका बासिन्दाले जवाफ फर्काउने गरेको उनको भनाइ छ।

२०३६ सालमा तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको पालामा निर्माण भएको राज रङ्गशाला मुलुककै पुराना रङ्गशालामध्ये मानिन्छ। दुई बिघा ७ कट्ठा १३ धुर क्षेत्रफलमा रहेको रङ्गशालामा कुल ७ हजार दर्शक बस्न सक्ने क्षमता भएको प्यारापिटसमेत रहेको छ । आवश्यक रेखदेख र संरक्षण नहुँदा वर्षायाममा रङ्गशाला जलमग्न हुने गरेको छ । स्थानीयवासी रामकुमार यादवले भने, "ढल व्यवस्थापन र पानीको निकास नहुँदा वर्षायाममा खेलमैदान पानी नै पानीले भरिएको हुन्छ। तर यसप्रति कसैको ध्यान जानसकेको छैन।"

# आर्थिक गतिविधि अगाडि बढ्ने गरी पूर्वतयारीमा लाग्न निर्देशन

काठमाडौं, जेठ २८/रासस

गृह मन्त्रालयले कोभिड–१९ का कारण प्रभावित भएको मुलुकको आर्थिक गतिविधि चलायमान हुनेगरी कार्ययोजनाका साथ अघि बढ्न ७७ वटै जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीलाई निर्देशन दिएको छ ।

नवनियुक्त गृहमन्त्री खगराज अधिकारीले पदभार सम्हालेलगत्तै उनकै निर्देशनबमोजिम मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन र निकायका अधिकारीलाई १२ बुँदे परिपत्र जारी गर्दै कोभिड–१९ नियन्त्रणमा सक्रियतापूर्वक लाग्न र आवश्यक योजना निर्माण गरी सुरक्षास्थितिलाई मजबूत बनाउन निर्देश गरेको हो। गृहप्रवक्ता जनकराज दाहालले मन्त्री अधिकारीबाट प्राप्त निर्देशन अनुसार परिपत्र जारी गरिएको जानकारी दिए ।

परिपत्रमा हालसम्मको निषेध आदेश कार्यान्वयनको समीक्षा गर्दै जनस्वास्थ्यमा नकारात्मक असर नपारी स्वास्थ्य मापदण्ड पालनाका साथ आर्थिक गतिविधि अगाडि बढाउने सम्बन्धमा पूर्वतयारीमा जुट्न भनेको छ ।

नागरिकको जीउधनको सुरक्षा तथा जिल्लामा भयरहित वातावरणको सिर्जना गर्न शान्ति सुरक्षामा खलल पुग्ने गरी कुनै पनि गतिविधि हुन नदिन, जिल्लामा घट्न सक्ने घटनाको सम्बन्धमा पूर्वसूचना लिई सोही अनुसार सुरक्षा योजना बनाइ कार्यान्वयन गर्न पनि मन्त्रालयले अनुरोध गरेको छ ।

परिपत्रमा गृह मन्त्रालय र अन्तर्गतका सम्पूर्ण निजामती तथा प्रहरी कर्मचारीले उच्च मनोबलका साथ जनगुनासो नआउने गरी कानूनको पूर्ण पालना गर्न, मानव अधिकारको प्रत्याभूति हुनेगरी भ्रष्टाचारमा शून्य सहनशीलताको मर्मअनुरूप पारदर्शी रूपमा कार्य सम्पादन गर्न भनिएको छ। आगामी कात्तिक २६ र मङ्सिर ३ गते सम्पन्न हुने प्रतिनिधिसभाको निर्वाचन भयरहित, निष्पक्ष र विश्वासिलो बनाउन सम्बद्ध पक्षबीच आवश्यक समन्वय गरी तत्काल निर्वाचन कार्ययोजना तयार गर्न पनि निर्देशन दिइएको छ ।

परिपत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को वैशाख ६, १३ र १९ गते कोभिड–१९ प्रतिकार्यसँगसम्बन्धी निर्णय एवं मन्त्रालयबाट भएका कोरोनासँग सम्बन्धित निर्णय एवं निर्देशनहरूको प्रभावकारी कार्यान्वयन गर्न पनि अनुरोध गरिएको छ। जिल्लास्थित अस्पताल एवं अक्सिजन प्लान्टमा आवश्यक सुरक्षा व्यवस्था मिलाउन र कोभिड–१९ बाट सङ्क्रमित बिरामीको उपचारमा आवश्यक समन्वय गर्न पनि भनिएको छ।

कोभिड–१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ बमोजिम प्रमुख जिल्ला अधिकारी कोभिड–१९ प्रतिकार्य अधिकारी मुकरर भइसकेको छ । त्यस्ता कार्य जिल्लामा प्रभावकारीरूपमा सञ्चालन गर्न निर्देशन दिइएको छ ।

सीमानाकासँग जोडिएका जिल्लाले नाकाबाट हुने आवागमनलाई व्यवस्थित गरी अभिलेख राख्न तथा यात्रीलाई अनिवार्य स्वास्थ्य परीक्षण गराएर मात्र नेपाल प्रवेश गर्न दिने व्यवस्था मिलाउन पनि भनेको छ ।

परिपत्रमा नेपाल सरकारले तोकेको मापदण्ड पालना गरी खोप व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजीकरण गर्न भनिएको छ । जिल्लाभित्रको सुरक्षा स्थितिलाई मजबूत बनाइराख्न यसअघि मन्त्रालयबाट भएको निर्णय तथा निर्देशनलाई मध्यनजर गर्दै सुरक्षा समितिको नियमित बैठक राखी प्रभावकारी कार्यान्वयन गर्न र कानूनविपरीतको क्रियाकलापमा संलग्न जोसुकैलाई कानूनबमोजिम कारबाई गर्न भनिएको छ ।

# कागजपत्र नभएका मोटरसाइकल नियन्त्रण

प्रस, वीरगंज, २८ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले कारबाईका लागि वीरगंज भन्सार बुझाइएको प्रहरीले जनाएको छ ।


नियन्त्रणमा लिइएको भारतीय नम्बरको मोटरसाइकल । तस्वीरः प्रतीक

निषेधाज्ञाको समयमा कागजपत्र नभएका आठवटा भारतीय नम्बरका मोटरसाइकल नियन्त्रणमा लिएको छ।

निषेधाज्ञा उल्लङ्घन गरी अनधिकृतरूपमा पर्सा जिल्लाका विभिन्न स्थानमा चलाइएका आठवटा भारतीय नम्बरको मोटरसाइकल नियन्त्रणमा लिई

प्रहरीले बिआर०५एके५८२४, बिआर०५एफ ५६६७, बिआर०५एडी ४६२३, बिआर०५एजे २०९८, बिआर२२एम ९६२४, बिआर२२एल ०२८७, बिआर२२सी ५३२६, बिआर३३डी ५१२९ नम्बरका मोटरसाइकल नियन्त्रणमा लिएको जिप्रका, पर्साले जनाएको छ ।

# डाँका मुद्दामा फरार १२ वर्षपछि पक्राउ

प्रस, वीरगंज, २८ जेठ/

जिल्ला प्रहरी कार्यालय बाराले डाँका चोरी मुद्दाका फरार प्रतिवादीलाई १२ वर्षपछि पक्राउ गरेको जनाएको छ ।


तस्वीर सौजन्यः जिप्रका, बारा

२०६६/०८/१६ गते बारा जिल्ला अदालतले ६ वर्ष कैद र रु ६४ हजार ५ सय जरिवाना ठहर गरेपछि फरार भएका विश्रामपुर गाउँपालिका–५ बस्ने ४० वर्षीय पन्नालाल महतो धानुकलाई पक्राउ गरेको जिप्रका बाराले जनाएको छ ।

धानुकलाई बारा जिल्ला अदालतमा पेश गरी कैद भुक्तानको लागि वीरगंज कारागार पठाइएको प्रनाउ गौतम मिश्रले जनाएका छन् ।

**प्रहरी............**

सहायताको अपेक्षा गर्दछ । राम्रा काम गरेर समाजमा सकारात्मक छाप भएका प्रहरीहरूको पनि कमी छैन। राम्रा काम गर्ने प्रहरी समुदायमा पनि प्रशंसित हुन्छन्।

ड्युटीमा खटेको दौरान प्रहरीले भिन्दाभिन्दै प्रकृतिका मानिससँग सामना गर्नुपर्छ । जनतासँग अभद्र व्यवहार गर्ने प्रहरीको कर्तव्य हुँदै होइन। राष्ट्रको प्रगति र सामाजिक अमनचयन तथा शान्ति सुव्यवस्थामा प्रहरीको अहम् भूमिका र योगदान मानिन्छ। तसर्थ जनताको सेवाको सन्दर्भमा जनताको बीचबाट आएका प्रहरीको भूमिका सकारात्मक, रचनात्मक र असल हुनुपर्छ।

**शिवकान्त दुबे (प्राध्यापक, ठाराब)**

पछिल्लो समय कोरोनोको सङ्क्रमण ओरालोलाग्दो छ । यो सुखद समाचार हो। यस वर्ष कोरोनाबाट बच्ने उपायप्रति मानवीय सचेतना बढेको पाइन्छ । सङ्क्रमणको प्रसारलाई रोक्ने पहिलो उपाय लकडाउनको विकल्प थिएन र छैन पनि । यद्यपि लकडाउन पालना गराउन कतै प्रहरीले निर्दयी आचरण प्रस्तुत गर्‍यो भने कतै आमनागरिकले अवाञ्छित क्रियाकलाप गर्‍यो । यस्ता गतिविधिहरूले एकअर्काप्रति सामाजिक मनोविज्ञान सकारात्मक हुन सक्दैन ।

हाम्रो सामाजिक संरचना हेर्ने हो भने सम्पन्न वर्गको तुलनामा विपन्न वर्गको जनसङ्ख्या ठूलो छ । कोरोनाकालमा दैनिक ज्यालादारीबाट भरणपोषण गर्ने समुदाय अत्यधिक पीडा भोग्न बाध्य छ। प्रहरी प्रशासनको भूमिका समन्वयकारी हुनुपर्छ । मानवीयताप्रति संवेदनशील हुनुपर्छ । प्रहरी समाजको अभिन्न अङ्ग हो । प्रहरीविनाको समाज र समाजविनाको प्रहरी अपूरो हुन्छ । कोरोनाको परिवेशमा मात्र होइन, प्रहरीको सकारात्मक एवं रचनात्मक व्यवहार सधैं अपरिहार्य छ। यसले प्रहरी र जनसमुदायबीच परस्पर सम्बन्ध प्रगाढ बनाउँछ । प्रहरी मेरो साथी हो भन्ने भावना जनमानसमा अङ्कुरित हुन्छ ।